# क्रिप्टोकरेन्सीसम्बन्धी
# जोखिम विश्लेषण


## नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**२०७९ चैत**

| **खण्ड** | **विषयसूची** | **पेज नं.** |
|---|---|---|
| (क) | परिचय | १ |
| (ख) | क्रिप्टोकरेन्सीका प्रकार, प्रविधि र स्रोत | ३ |
| (ग) | क्रिप्टोकरेन्सी र अन्य विषयसँगको अन्तरसम्बन्ध | ३ |
| (घ) | क्रिप्टोकरेन्सीसम्बन्धी जोखिमको विश्लेषण | ४ |
| (ङ) | क्रिप्टोकरेन्सी सम्बन्धमा नेपाल राष्ट्र बैंकले गरेको व्यवस्था | ६ |
| (च) | निष्कर्श | ७ |
| सन्दर्भ सामग्री | | ८ |
| अनुसूची-१ः नेपाल राष्ट्र बैंकबाट हालसम्म जारी भएका सूचनाहरु | | ९ |
| अनुसूची-२ः क्रिप्टोकरेन्सीको कारोबार गैर कानूनी रहेको सम्बन्धी नेपाल राष्ट्र बैंकको सूचना | | ११ |
| अनुसूची-३ः क्रिप्टोकरेन्सीसम्बन्धी Frequently Asked Questions | | १२ |

## (क) परिचय

१. विभिन्न मुलुकहरुले क्रिप्टोकरेन्सीसम्बन्धी फरक-फरक कानूनी तथा नीतिगत व्यवस्था अङ्गिकार गरेका छन्। क्रिप्टोकरेन्सीमा लगानी हुँदा विदेशमा लगानी भई पुँजी पलायन हुन जाने, विप्रेषण आप्रवाहमा प्रतिकूल असर पर्न सक्ने, विदेशी विनिमय सञ्चिति व्यवस्थापन र पर्याप्ततामा चुनौती हुन सक्ने लगायतका जोखिम समेतलाई दृष्टिगत गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकले क्रिप्टोकरेन्सीमा प्रतिबन्ध लगाउँदै आएको छ।

२. नेपाल राष्ट्र बैंकले पहिलो पटक मिति २०७४/०४/२९ मा Bitcoin गैरकानूनी रहेको सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरेकोमा पछिल्लो पटक मिति २०७९/०४/३० मा क्रिप्टोकरेन्सीसम्बन्धी थप विषयहरु समेत समावेश गरी सूचना प्रकाशन गरेको छ।

३. विभिन्न सरोकारवाला निकायहरुबाट क्रिप्टोकरेन्सीसम्बन्धी जिज्ञासाहरु आउने गरेको विषयलाई दृष्टिगत गर्दै क्रिप्टोकरेन्सीसँग सम्बन्धित विविध विषयवस्तुलाई समावेश गरी सोबाट उत्पन्न हुन सक्ने सम्भाव्य जोखिम समेतलाई विश्लेषण गरी “क्रिप्टोकरेन्सीसम्बन्धी जोखिम विश्लेषण” तयार गरिएको छ।

### विद्यमान कानूनी व्यवस्था

**नेपाल राष्ट्र बैंक ऐन, २०५८** को दफा ५२(१) र ६१ मा देहायबमोजिमका व्यवस्थाहरु रहेका छन् :

**दफा ५२(१):**

**बैंक नोट र सिक्का निष्कासन गर्ने अधिकार** :

(१) बैंकलाई नेपालभित्र बैंक नोट तथा सिक्का निष्कासन गर्ने एकाधिकार हुनेछ। यस्तो नोट तथा सिक्का नेपाल मा कानूनी ग्राह्य हुनेछ।

**दफा ६१:**

**प्रतिलिपि र जाली मुद्रा** :

(१) कसैले पनि देहाय बमोजिमको कुनै काम कुरा गर्न, गराउन हुँदैन :-

(क) नेपाल भित्र चलनचल्तीमा रहेका कानूनी ग्राह्य बैंक नोट तथा सिक्का वा चेक वा भुक्तानी कार्डको जालसाजी वा कीर्ते गरी वा रुप फेरी वा अन्य कुनै प्रकारले नक्कली मुद्रा बनाउन वा सो को प्रतिलिपि बनाउन वा सो सम्बन्धी कुनै कार्य गर्न वा त्यस्तो कुनै कार्यमा सघाउ पुऱ्याउन, वा

(ख) बैंक नोट वा सिक्का, चेक वा भुक्तानी कार्ड, नक्कली, झुत्रा, कीर्ते वा जालसाजी गरी वा रुप फेरेर बनाएको हो भन्ने थाहा पाई पाई पनि त्यस्ता बैंक नोट वा सिक्का वा चेक वा भुक्तानी कार्ड कसैले आफूसँग राख्न, ओसार पसार गर्न वा जारी गर्न वा त्यस्तो कुनै कार्यमा सघाउ पुऱ्याउन, वा

(ग) बैंक नोट वा सिक्का, चेक वा भुक्तानी कार्ड, नक्कली, झुट्टा, कीर्ते वा जालसाजी वा रुप फरेर बनाउनको लागि प्रयोग हुँदैछ भन्ने जानी जानी कुनै धातुको पाता, ढुङ्गा, कागज, डाई वा अन्य कुनै वस्तु वा पदार्थ कसलै आफ्नो साथमा राख्न, उत्पादन गर्न वा ओसार पसार गर्न वा त्यस्तो कुनै कार्यमा सघाउ पुऱ्याउन।

(२) नेपाली रुपैयाँमा अङ्कित मूल्यको बैंक नोट, सिक्का, चेक वा भुक्तानी कार्डको प्रतिलिपि उतार गर्दा र कुनै वस्तुको सृजना गर्दा त्यस्तो वस्तुको बनावट कुनै किसिमबाट बैंक नोट, सिक्का, चेक वा भुक्तानी कार्डसित मिल्न जाने भएमा सो गर्नु भन्दा पहिले बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) बैंकले जाली नोट वा खोटो सिक्का वा नक्कली चेक वा भुक्तानी कार्डको निष्कासन रोक्ने सम्बन्धमा आवश्यक कदम चाल्न सक्नेछ। यस्तो कदम चाल्दा बैंकले आवश्यक आदेश, निर्देशन वा सूचना जारी गर्न सक्नेछ।

**विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९** को दफा ९ग मा देहायबमोजिमका व्यवस्था भएको:

**दफा ९ ग:**

**भुक्तानी दिन वा प्राप्त गर्नमा प्रतिबन्ध** :

बैंकले तोकिदिएको व्यवस्था बमोजिम बाहेक नेपालमा बसोबास गर्ने कुनै पनि व्यक्तिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले देहायको कुनै काम गर्नु गराउनु हुँदैन :-

(क) नेपाल बाहिर बसोबास गर्ने कुनै व्यक्तिलाई कुनै तरिकाले कुनै किसिमको भुक्तानी दिन,

(ख) नेपाल बाहिर बसोबास गर्ने कुनै व्यक्तिको पक्षमा भुक्तानी पाउने अधिकार सिर्जना हुने वा हस्तान्तरण हुने गरी कुनै विनिमयपत्र वा प्रतिज्ञापत्र खिच्न, स्वीकार गर्न वा नेगोसियट गर्न वा कुनै ऋण स्वीकार गर्न,

(ग) नेपाल बाहिर बसोबास गर्ने कुनै व्यक्तिको आदेशले वा निजको तर्फबाट कुनै व्यक्तिलाई कुनै किसिमको भुक्तानी दिन ।

**विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१** को दफा ३ मा देहायबमोजिमको व्यवस्था भएको:

**दफा ३:**

**विदेशमा लगानी गर्नमा प्रतिबन्ध** :

(१) यो ऐन प्रारम्भ भएपछि कसैले विदेशमा कुनै किसिमको लगानी गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै खास किसिमको लगानीको सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो उपदफामा लेखिएको प्रतिबन्ध नलाग्ने गरी छुट दिन र त्यसरी छुट दिइएको लगानीको किसिम, हद, अवधि र तत् सम्बन्धी अन्य आवश्यक शर्तहरु तोक्न सक्नेछ ।

४. बेलायतको केन्द्रीय बैंक, Bank of England ले क्रिप्टोकरेन्सीलाई Privately issued digital assets (also known as cryptoassets) को रुपमा परिभाषित गरेको छ (Bank of England, 2022)।

५. संयुक्त राज्य अमेरिकाको केन्द्रीय बैंक, Federal Reserve Bank ले क्रिप्टोकरेन्सीलाई New private-sector financial products and services, new digital assets को रुपमा परिभाषित गरेको छ (Federal Reserve Bank, n.d.)।

६. भारतको केन्द्रीय बैंक, Reserve Bank of India को RBI Bulletin March 2022 मा प्रकाशन भएको Speech मा क्रिप्टोकरेन्सीलाई Private currency and a transaction arrangement or network that bypassed banks or any other financial or social institution को रुपमा परिभाषित गरेको छ (Reserve Bank of India, 2022)।

७. फिलिपिन्सको केन्द्रीय बैंक, Bangko Sentral ng Pilipinas ले क्रिप्टोकरेन्सीलाई A type of virtual currency that uses cryptography को रुपमा परिभाषित गरेको छ (Bangko Sentral ng Pilipinas, n.d.) । उक्त केन्द्रीय बैंकले Virtual currency लाई A type of digital currency created by a community of online users, is stored in electronic wallets (e-wallets), and generally transacted online को रुपमा परिभाषित गरेको छ (BSP, n.d.)।

## (ख) क्रिप्टोकरेन्सीका प्रकार, प्रविधि र स्रोत

८. विश्वमा हाल करिव २३,००० वटा क्रिप्टोकरेन्सीहरु प्रचलनमा रहेका छन् । उक्त क्रिप्टोकरेन्सीहरुमध्ये सर्वप्रथम Bitcoin नामक क्रिप्टोकरेन्सी सन् २००९ देखि प्रचलनमा रहेको छ । क्रिप्टोकरेन्सीको कुल बजार पुँजीकरणमा Bitcoin को हिस्सा ४२% रहेको छ (RBI, 2022)।

९. विद्यमान भुक्तानी सम्बन्धी व्यवस्थामा भुक्तानीको माध्यम नगद भए उक्त नगद सक्कली हो/होइन भनी यकिन गर्नु पर्ने हुन्छ । विद्युतीय माध्यमबाट हुने भुक्तानीको हकमा भने भुक्तानी दिने पक्ष (खातावाला) को हिसाब राख्ने बैंक-वित्तीय संस्थाले त्यस्तो भुक्तानीको यकिन (रकम मौज्दात भए/नभएको, भुक्तानी आदेश रीतपूर्वक भए/नभएको आदि) गर्दछ । क्रिप्टोकरेन्सीको हकमा त्यस्तो यकिन गर्ने कार्य वित्तीय मध्यस्थता बिना Blockchain प्रविधिको प्रयोगबाट हुने गर्दछ ।

१०. Blockchain मा कुनै पनि कारोबार भएमा उक्त कारोबारलाई नेटवर्कमा आवद्ध सम्पूर्ण सदस्यलाई जानकारी गराइन्छ । त्यस्तो नयाँ कारोबारहरुको समूह (जसलाई ब्लक समेत भनिन्छ) लाई कुनै तोकिएको सामूहिक सहमतिको माध्यममार्फत् यकिन गरिन्छ र त्यस्तो यकिन गरिएको ब्लकलाई सो पूर्वका अन्य ब्लकहरुसँग क्रमवद्ध गरिन्छ । प्रत्येक नयाँ ब्लकलाई अघिल्लो ब्लकसँग आवद्ध गरिने हुँदा आफूसँग नभएको रकम खर्च गर्न वा आफूसँग भएको कुनै रकम खर्च गरेपछि पुन: खर्च (Double Spending) गर्न गाह्रो हुन्छ किनकि त्यस्तो गर्न सम्पूर्ण पुराना ब्लकहरुलाई समेत परिमार्जन गर्नु पर्ने हुन्छ । Blockchain लाई Distributed Ledger समेत भनिन्छ (BSP, n.d.)।

११. Mining र खरिद गरी मुख्यत: दुई स्रोतबाट क्रिप्टोकरेन्सी प्राप्त गर्न सकिन्छ । Mining भन्नाले कुनै क्रिप्टोकरेन्सीको नेटवर्कमा कारोबारहरुको हिसाब किताब राख्ने कार्यलाई जनाउँछ । तसर्थ, Mining लाई Validation समेत भनिन्छ । क्रिप्टोकरेन्सीका Users बीच क्रिप्टोकरेन्सी खरिद/बिक्री कारोबार हुँदा त्यस्तो कारोबार वास्तविक कारोबार हो भनी Validation गर्न Validators/Miners बीच प्रतिस्पर्धा हुने गर्दछ र सो कार्यमा सफलता प्राप्त गर्ने Validator/Miner लाई प्रारिश्रमिक स्वरुप क्रिप्टोकरेन्सी प्रदान गर्ने गरिन्छ (Bank for International Settlements, 2022)।

१२. अन्य पक्षसँग भएको क्रिप्टोकरेन्सी खरिद गरी समेत प्राप्त गर्न सकिन्छ । त्यस्तो खरिद गर्ने कार्य क्रिप्टोकरेन्सी Exchange मार्फत् समेत गर्न सकिन्छ । हाल विश्वमा करिव ४५० वटा क्रिप्टोकरेन्सी Exchanges रहेका छन् (RBI, 2022)।

## (ग) क्रिप्टोकरेन्सी र अन्य विषयसँगको अन्तरसम्बन्ध

### १३. मुद्रासँगको अन्तरसम्बन्ध :

क्रिप्टोकरेन्सीका समर्थकहरुले क्रिप्टोकरेन्सीलाई मुद्राको रुपमा लिने गरेका छन् । तर, प्रचलित मौद्रिक व्यवस्थामा जस्तो क्रिप्टोकरेन्सी जारी गर्ने कुनै सार्वभौम मुलुक हुँदैन । प्रचलित मौद्रिक व्यवस्थाको मुद्रामा Intrinsic Value भएको धातु हुने अथवा सार्वभौम मुलुकको Debt Instrument हुने गरेकोमा क्रिप्टोकरेन्सी कुनै निश्चित निजी समूहले मात्र मुद्राको रुपमा स्वीकार गरेको अदृश्य वस्तु हो । क्रिप्टोकरेन्सीको मूल्यमा अधिक उतारचढाव हुने भएकोले सोलाई Medium of Exchange को रुपमा लिन सकिने अवस्था रहेको देखिंदैन । क्रिप्टोकरेन्सीको मूल्यमा भएको उतारचढावको कारणले प्रतिफल दिएतापनि यसले Store of Value को रुपमा समेत कार्य गर्न सक्ने देखिंदैन । Store of Value नभई प्रतिफल दिने कार्य १७औं शताब्दीको Netherlands मा Tulip नामक पुष्पले समेत प्रदान गरेको देखिन्छ । मुद्राको विकासक्रममा निजी क्षेत्रबाट जारी भएको Unstandardized मुद्रालाई प्रतिस्थापन गर्दै हालको मौद्रिक व्यवस्थासम्म आइपुग्दा अधिकारप्राप्त निकायले जारी गर्ने Standardized मुद्राको स्वरुपमा आएकोमा क्रिप्टोकरेन्सीले मुद्राको विकासक्रममा पश्चगमन हुने देखिन्छ ।

## १४. वित्तीय सम्पत्तिसँगको अन्तरसम्बन्ध :

वित्तीय सम्पत्तिको रुपमा योग्य हुन त्यस्तो वस्तुमा नगद प्रवाह हुन सक्ने गुण/विशेषता हुनु पर्ने र अन्य कुनै व्यक्तिको दायित्व हुनु पर्नेमा क्रिप्टोकरेन्सी प्रयोग/जारी गर्ने व्यक्ति/समूहले क्रिप्टोकरेन्सीलाई वित्तीय सम्पत्ति भन्ने गरेतापनि वित्तीय सम्पत्तिको रुपमा स्वीकार हुन सक्ने देखिँदैन ।

## १५. धातुसँगको अन्तरसम्बन्ध :

धातुको रुपमा योग्य हुन त्यस्तो वस्तु Tangible हुनु पर्ने र सोबाट Utility प्राप्त हुनु पर्नेमा क्रिप्टोकरेन्सी प्रयोग/जारी गर्ने समूहले क्रिप्टोकरेन्सीलाई सुन-चाँदी जस्तो बहुमूल्य धातु भन्ने गरेतापनि धातुको रुपमा स्वीकार हुन सक्ने देखिदैन । सुन-चाँदीको आपूर्ति सीमित भए जस्तै गरी क्रिप्टोकरेन्सीको निष्कासन संख्या तोकिएतापनि एक भन्दा धेरै प्रकारका क्रिप्टोकरेन्सीहरु प्रलचनमा भएको र नयाँ-नयाँ क्रिप्टोकरेन्सीहरु जारी हुने गरेको हुँदा स्वतः बहुमूल्य धातुको जस्तो परिमाणको सीमा पालना नहुने हुन्छ । साथै, सुन-चाँदी जस्ता बहुमूल्य धातुलाई समेत मुद्राको रुपमा प्रचलनमा ल्याउन सार्वभौम मुलुकले टकमरी गर्नु पर्ने हुन्छ ।

## १६. विद्युतीय सम्पत्तिसँगको अन्तरसम्बन्ध :

क्रिप्टोकरेन्सीलाई विद्युतीय सम्पत्ति भन्ने गरिएतापनि क्रिप्टोकरेन्सीको कुनै पनि अन्तर्निहित प्रयोग हुँदैन । क्रिप्टोकरेन्सी विद्युतीय कोडमा आधारित भएतापनि सोको कुनै व्यावहारिक प्रयोग नभई विशुद्ध सट्टेबाजी प्रकृतिको रहेको देखिन्छ ।

## (घ) क्रिप्टोकरेन्सीसम्बन्धी जोखिमको विश्लेषण

१७. क्रिप्टोकरेन्सी कारोबारबाट देशलाई मात्र नभई सोमा संलग्न व्यक्तिलाई समेत विभिन्न जोखिमहरु रहने हुन्छ ।

१८. **समग्र आर्थिक सन्तुलन कायम नहुने जोखिम :** प्रचलित आर्थिक, मौद्रिक तथा वित्तीय व्यवस्थामा सरकार, केन्द्रीय बैंक, बैंक तथा वित्तीय संस्था, बचतकर्ता, ऋणी, सर्वसाधारणलगायत विभिन्न सरोकारवाला पक्षहरु हुने र उक्त पक्षहरुबीचको हित सुनिश्चित हुने उद्देश्यका साथ देशले आवश्यक नीतिगत व्यवस्था गर्ने परिप्रेक्ष्यमा क्रिप्टोकरेन्सीको कारोबारमा वित्तीय मध्यस्थकर्ता लगायत अन्य पक्षहरुलाई समावेश नभई सोका प्रयोगकर्ता/लगानीकर्ता बीचमा मात्र केन्द्रित हुने तथा प्रयोगकर्ता/लगानीकर्ताको लगानी/स्वामित्व समेत सट्टेबाजी प्रकृतिको भई त्यस्तो लगानीमा अत्यधिक जोखिम रहने हुँदा क्रिप्टोकरेन्सी कारोबारबाट समग्र आर्थिक सन्तुलन कायम नहुने जोखिम विद्यमान रहन्छ ।

१९. **वित्तीय स्थायित्व सम्बन्धी जोखिमः** क्रिप्टोकरेन्सीको बढ्दो प्रयोगबाट समस्त वित्तीय स्थायित्वमा नै प्रतिकूल असर पर्न सक्ने देखिन्छ । International Monetary Fund (IMF) ले अक्टोबर २०२१ मा जारी गरेको Global Financial Stability Report (GFSR) मा क्रिप्टोकरेन्सीलाई विश्वव्यापी वित्तीय स्थायित्वको तीनवटा प्रमुख चुनौतीमध्ये एक भनेर उल्लेख गरेको छ ।

२०. **मौद्रिक नीति कार्यान्वयन नहुने सम्बन्धी जोखिमः** क्रिप्टोकरेन्सी प्रचलनमा आउँदा अर्थतन्त्र "Dollarization" हुने सम्भावना विद्यमान रहन्छ र मुद्रा प्रदाय तथा ब्याजदर माथि केन्द्रीय बैंकको नियन्त्रण गुम्न सक्ने जोखिम रहन्छ । क्रिप्टोकरेन्सी निजी क्षेत्रबाट सञ्चालन हुने र केन्द्रीय बैंकको

नियन्त्रण बाहिर भएकोले यसको प्रयोग भएमा मुद्रा प्रदाय (Money Supply) मा गणना नभई मौद्रिक नीतिको प्रशारण संयन्त्र लगायत सोको प्रभावकारितामा समेत नकारात्मक असर पर्न सक्ने देखिन्छ ।

२१. **विदेशी विनिमय सञ्चिति सम्बन्धी जोखिमः** हाल नेपालले विदेशबाट प्राप्त गर्ने आम्दानी विदेशी मुद्रामा प्राप्त भई विदेशी विनिमय सञ्चितिमा गणना हुने गरेकोमा क्रिप्टोकरेन्सीलाई Reserve Currency को रुपमा स्वीकार नगरिएको हुँदा सोको प्रचलनबाट विदेशी विनिमय सञ्चितिमा समेत नकारात्मक प्रभाव पर्ने देखिन्छ । नेपालमा विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत विप्रेषण भएको हुँदा नेपाल बाहिर बस्ने नेपाली नागरिकलाई विभिन्न प्रलोभन/प्रभावमा पारी क्रिप्टोकरेन्सीमा लगानी हुन सक्ने र त्यस्तो सट्टेबाजी लगानीले लगानीकर्ताको हित लगायत देशको अर्थतन्त्रमा नै समस्या निम्तिन सक्ने जोखिम रहन्छ । तसर्थ, क्रिप्टोकरेन्सीको कारोबार/लगानीबाट पुँजी पलायन हुनसक्ने र विदेशमा रहेका नेपालीबाट नेपाल आउने विप्रेषण विदेशमै लगानी हुनसक्ने भएकोले विदेशी मुद्राको सञ्चितिमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ ।

२२. **सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिमः** क्रिप्टोकरेन्सी कारोबारमा सहभागी हुने पक्षहरुको पहिचान गोप्य रहने हुँदा विद्यमान ग्राहक पहिचान र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको पालनामा चुनौती थपिन जान्छ । सन् २०२१ मा अमेरिकी डलर १४ अर्ब बराबरको अपराध क्रिप्टोकरेन्सीमार्फत् भएको तथ्याङ्क तारिख ६ जनवरी २०२२ को Wall Street Journal मा प्रकाशित भएको छ । क्रिप्टोकरेन्सीको कारोबारबाट सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा लगानी सम्बन्धी जोखिम (ML/TF Risk) बारे Financial Action Task Force ले सन् २०१४ जुनमा प्रकाशन गरेको प्रतिवेदनमा Anonimity, Segmentation of Services, Decentralized System आदिबाट ML/TF Risks हुने औंल्याएको छ ।

२३. **वित्तीय ग्राहक संरक्षण सम्बन्धी जोखिमः** क्रिप्टोकरेन्सीको कारोबारबाट ग्राहक संरक्षणमा पनि असर गर्ने देखिन्छ । क्रिप्टोकरेन्सीबाट नेपाल जस्तो वित्तीय साक्षरता कम भएका मुलुकमा वित्तीय सेवाका उपभोक्ताहरु असुरक्षित हुने सम्भावना रहन्छ ।

२४. **लगानीको असुरक्षा हुने सम्बन्धी जोखिमः** पछिल्लो समयमा, FTX जस्तो क्रिप्टोकरेन्सीको दोस्रो ठूलो Exchange टाट-पल्टनुले समेत क्रिप्टोकरेन्सीमा हुने लगानी अत्यधिक जोखिमपूर्ण रहेको देखिन्छ । साथै, पछिल्लो समयमा भएको TerraUSD र LUNA को पतनले समेत क्रिप्टोकरेन्सीको लगानी जोखिमपूर्ण हुने देखाउँछ।

२५. **ठगी तथा कर छली सम्बन्धी जोखिमः** क्रिप्टोकरेन्सीको प्रयोगबाट अवैधानिक क्रियाकलाप, विशेष गरी ठगी तथा कर छली लगायतका कार्य हुन सक्ने देखिन्छ । Financial Stability Institute (FSI) को अप्रिल २०२१ को प्रतिवेदनमा उल्लेख भए अनुसार एउटा निजी फर्मको अनुसन्धानले सन् २०२० मा Criminally Associated Bitcoin Address बाट मात्र अमेरिकी डलर ३.५ अर्ब पठाएको देखिन्छ ।

२६. **अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसँगको सहकार्य विरुद्ध हुने सम्बन्धी जोखिमः** क्रिप्टोकरेन्सीबाट निम्तिने जोखिमलाई दृष्टिगत गरी अन्तर्राष्ट्रिय मुद्रा कोषले El Salvador लाई क्रिप्टोकरेन्सीको कानूनी ग्राह्यता खारेज गर्न २५ जनवरी २०२२ मा Article IV Consultation मार्फत् प्रेस विज्ञप्ति (Press Release) जारी गरी सुझाव दिएको छ (International Monetary Fund, 2022) । साथै, United Nations Conference on Trade and Development को July 2022 को Policy Brief No. 102 मा Cryptocurrency विकासशील राष्ट्रहरुलाई हानिकारक हुने व्यहोरा उल्लेख भएको छ (United Nations Conference on Trade and

Development, 2022)। साथै, UNCTAD ले विकासउन्मुख मुलुकहरुमा क्रिप्टोकरेन्सीको विस्तार रोक्नु पर्ने धारणा June 2022 को Policy Brief No. 100 मा उल्लेख गरेको छ (United Nations Conference on Trade and Development, 2022a)।

२७. **<u>वित्तीय मध्यस्थता नहुने सम्बन्धी जोखिमः</u>** क्रिप्टोकरेन्सीले विद्यमान वित्तीय मध्यस्थता बिना भुक्तानी सम्बन्धी कार्य गर्ने हुँदा बैंक तथा वित्तीय संस्थाले गर्ने निक्षेप परिचालन तथा साख सिर्जनालगायतका कार्यमा समेत नकारात्मक असर पर्न गई बैंक तथा वित्तीय संस्थाको औचित्य माथि प्रश्न खडा हुने देखिन्छ।

२८. **<u>मुद्रा निष्कासन गर्ने एकाधिकार सम्बन्धी कानूनको पालना नहुने जोखिमः</u>** क्रिप्टोकरेन्सी निजी क्षेत्रबाट जारी भएको हुँदा सार्वभौम राज्यबाट निष्कासन हुने गरेको विद्यमान मुद्रा सम्बन्धी व्यवस्थामा चुनौती खडा गर्ने हुन्छ। क्रिप्टोकरेन्सीको प्रचलनले अर्थतन्त्रमा स्वतः एक भन्दा बढी मुद्रा प्रणाली (द्वय मुद्रा) प्रचलनमा रहने हुन्छ। साथै, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२(१) ले नेपालभित्र मुद्रा निष्कासन गर्न नेपाल राष्ट्र बैंकलाई एकाधिकार दिएको परिप्रेक्ष्यमा नेपालमा क्रिप्टोकरेन्सी जारी हुँदा तथा प्रचलनमा आउँदा ऐनको उक्त व्यवस्थाको पालना नहुने देखिन्छ।

२९. **<u>विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने कानून पालना नहुने सम्बन्धी जोखिमः</u>** विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क र विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा ३ मा विदेशमा लगानी गर्न प्रतिबन्ध लगाएको तथा नेपालले पुँजीगत कारोबारमा नियन्त्रित व्यवस्था अङ्गिकार गरेको परिप्रेक्ष्यमा क्रिप्टोकरेन्सीको प्रयोगबाट त्यस्तो पुँजीगत कारोबारमाथिको नियन्त्रण गुम्न जाने र उल्लिखित कानूनी व्यवस्थाहरुको पालना नहुने देखिन्छ। नेपालमा बस्ने नेपाली नागरिकहरुले नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले तोकेको अवस्था बाहेक अन्य कुनै पनि किसिमले विदेशमा लगानी गर्न प्रतिबन्धित रहेको हालको विद्यमान कानूनी व्यवस्थामा क्रिप्टोकरेन्सीमा प्रतिबन्ध नलगाउँदा त्यस्तो नियन्त्रण गुम्न जाने देखिन्छ।

३०. **<u>विदेशी विनिमय माथिको नियन्त्रण (नियमन) गुम्ने सम्बन्धी जोखिमः</u>** हाल नेपालमा विदेशी सार्वभौम मुलुकले जारी गरेका तथा अन्य मुलुकमा सर्वस्वीकार्य रहेका विदेशी मुद्रा (जस्तैः अमेरिकी डलर, यूरोपियन यूरो, भारतीय रुपैयाँ आदि) माथिको पहुँच समेत नियन्त्रित रहेको छ। विदेशी सरकारले जारी गरेको नगद विदेशी मुद्रा समेत नेपाली नागरिकले तोकिएको सीमासम्म मात्र राख्न सक्ने व्यवस्था रहेको छ। साथै, भा.रु. १०० दरभन्दा ठूला दरका नोटहरु नेपालमा प्रतिबन्धित रहेको छ। तसर्थ, हाल नेपालले विदेशी विनिमयउपर नियन्त्रित व्यवस्था अवलम्बन गरेको परिप्रक्ष्यमा क्रिप्टोकरेन्सी कारोबारबाट विदेशी विनिमय माथिको नियन्त्रण (नियमन) गुम्न सक्ने जोखिम रहन्छ।

## (ङ) क्रिप्टोकरेन्सी सम्बन्धमा नेपाल राष्ट्र बैंकले गरेको व्यवस्था

३१. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकले क्रिप्टोकरेन्सीसम्बन्धी कारोबार गैरकानूनी रहेको सार्वजनिक सूचना जारी गरेको छ। मिति २०७४/०४/२९, २०७८/०५/२४, २०७८/१०/०९ र २०७९/०४/३० गरी हालसम्म चार पटक क्रिप्टोकरेन्सीको कारोबार गैर कानूनी रहेको सम्बन्धी सूचना प्रकाशन गरिएको छ। उक्त सूचनाहरुलाई **अनुसूची-१** मा समावेश गरिएको छ।

## (च) निष्कर्श

३२. विश्वका विभिन्न देशहरुले आ-आफ्नो मौलिक आवश्यकतानुसार क्रिप्टोकरेन्सीसम्बन्धी फरक-फरक व्यवस्था अङ्गिकार गरेका छन् । नेपालले अन्य मुलुकसँग हुने पुँजीगत कारोबारमा नियन्त्रित व्यवस्था गरेको र नेपालबाट विदेशमा लगानी गर्न प्रतिबन्ध रहेको हुँदा क्रिप्टोकरेन्सीको कारोबारबाट उक्त व्यवस्थाहरुको बर्खिलाप हुन जाने हुँदा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रदान गरी नेपाल राष्ट्र बैंकले विभिन्न मितिहरुमा सार्वजनिक सूचना प्रकाशन गर्दै क्रिप्टोकरेन्सीमा प्रतिबन्ध लगाउँदै आएको छ ।

३३. क्रिप्टोकरेन्सी कारोबारबाट देशलाई मात्र नभई सोमा संलग्न व्यक्ति/लगानीकर्तालाई समेत विभिन्न जोखिमहरु रहने हुन्छ । क्रिप्टोकरेन्सीमा कुनै देश/सरकारको प्रत्याभूति/जमानत नहुने, कुनै पनि सुरक्षण नहुने, वित्तीय मध्यस्थकर्ता नहुने तथा सट्टेबाजी प्रयोजन बाहेक अन्य कुनै पनि उपयोगिता नहुने र उक्त अदृश्य वस्तु सर्वस्वीकार्य नभई केही निश्चित समूह मिली आफ्नै निहित स्वार्थको लागि मात्र जारी/प्रयोग हुने गर्दछ । अतः क्रिप्टोकरेन्सीबाट समग्र आर्थिक सन्तुलन कायम नहुने जोखिम, वित्तीय स्थायित्व नहुने सम्बन्धी जोखिम, मौद्रिक नीति कार्यान्वयन नहुने सम्बन्धी जोखिम, विदेशी विनिमय सञ्चितिमा नकारात्मक असर पर्न सक्ने सम्बन्धी जोखिम, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिम, वित्तीय ग्राहक संरक्षण सम्बन्धी जोखिम, लगानीको असुरक्षा हुने सम्बन्धी जोखिम, ठगी तथा कर छली सम्बन्धी जोखिम, अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसँगको सहकार्य विरुद्ध हुने सम्बन्धी जोखिम, वित्तीय मध्यस्थता नहुने सम्बन्धी जोखिम आदि विद्यमान रहने हुँदा नेपाल राष्ट्र बैंकले लगाएको प्रतिबन्ध कायमै राख्न वाञ्छनीय रहेको छ ।

३४. साथै, Non-Fungible Tokens (NFT), Digital Assets, Decentralized Finance (DeFi) जस्ता अदृश्य वस्तुहरुको समेत Intrinsic Value नहुने, त्यस्तो लगानी/कार्य सट्टेबाजी प्रकृतिको हुने र सोको स्वामित्व ग्रहण गर्दा विदेशमा लगानी हुने हुँदा उक्त विषयहरुलाई समेत समावेश गरी सार्वजनिक सूचना (अनुसूची-२ बमोजिम) प्रकाशन गरिएको छ ।

३५. सर्वसाधारणलाई क्रिप्टोकरेन्सी बारे सुसूचित गराउन केन्द्रीय बैंकहरुले सोसम्बन्धी Frequently Asked Questions प्रकाशन गर्ने गरेको विषय समेतलाई दृष्टिगत गर्दा सर्वसाधारण नेपाली नागरिक तथा सरोकारवाला व्यक्तिलाई सुलभ जानकारी हुने गरी क्रिप्टोकरेन्सीसम्बन्धी Frequently Asked Questions (अनुसूची-३ बमोजिम) नेपाल राष्ट्र बैंकको वेवसाइटमार्फत् प्रकाशन गरिएको छ ।

***

# सन्दर्भ सामग्री


Bangko Sentral ng Pilipinas. (n.d.). *Frequently asked questions.* https://www.bsp.gov.ph/Media_and_Research/Primers%20Faqs/VC.pdf

Bank for International Settlements. (2022). *BIS annual economic report: The future monetary system.* https://www.bis.org/publ/arpdf/ar2022e3.htm

Bank of England. (2022). *Frequently asked questions.* https://www.bankofengland.co.uk/research/digital-currencies

Federal Reserve Bank. (n.d.). *Frequently asked questions.* https://www.federalreserve.gov/cbdc-faqs.htm

Federal Reserve Bank.(2022). *Money and payments: The U.S. Dollar in the age of digital transformation*. https://www.federalreserve.gov/publications/files/money-and-payments-20220120.pdf

International Monetary Fund. (2022). *Press release.* https://www.imf.org/en/Publications/CR/Issues/2022/01/26/El-Salvador-2021-Article-IV-Consultation-Press-Release-Staff-Report-and-Statement-by-the-512245

Nepal Rastra Bank. (2022). *Awareness material*. https://www.nrb.org.np/contents/uploads/2022/02/Crypto_for_Financial_Literacy_Final.pdf

Nepal Rastra Bank. (2022a). *Central bank digital currency (CBDC): Identifying appropriate policy goals and design for Nepal. A concept report (released for public consultation).* https://www.nrb.org.np/contents/uploads/2022/10/CBDC-for-Nepal.pdf

Reserve Bank of India. (2022). *RBI bulletin.* https://www.rbi.org.in/Scripts/BS_ViewBulletin.aspx?Id=20870

Reserve Bank of India. (2022a). *Concept note on central bank digital currency*. https://rbidocs.rbi.org.in/rdocs/PublicationReport/Pdfs/CONCEPTNOTEACB531172E0B4DFC9A6E506C2C24FFB6.PDF

Thomson Reuters. (2022). *Cryptocurrency regulations by country.* https://www.thomsonreuters.com/en-us/posts/wp-content/uploads/sites/20/2022/04/Cryptos-Report-Compendium-2022.pdf

United Nations Conference on Trade and Development. (2022). *Policy brief.* https://unctad.org/system/files/official-document/presspb2022d10_en.pdf

United Nations Conference on Trade and Development. (2022a). *Policy brief.* https://unctad.org/webflyer/all-glitters-not-gold-high-cost-leaving-cryptocurrencies-unregulated

## अनुसूची-१: नेपाल राष्ट्र बैंकबाट हालसम्म जारी भएका सूचनाहरु

### मिति २०७४/०४/२९ मा प्रकाशित सूचना:

**नेपाल राष्ट्र बैंक**

**केन्द्रीय कार्यालय**

**विदेशी विनिमय व्यवस्थापन विभागको**

**Bitcoin कारोबार गैरकानूनी रहेको बारेको सूचना**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम यस बैंकबाट इजाजतपत्र लिएर मात्र विदेशी विनिमयको कारोबार गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था रहेको र हालसम्म नेपालमा Bitcoin लाई मुद्राको रुपमा कानूनी मान्यता प्राप्त नभएको अवस्थामा यदाकदा केही व्यक्तिहरुले इन्टरनेटको माध्यमबाट Bitcoin सम्बन्धी कारोबार गरिरहेको भन्ने बुझिन आएकोले Bitcoin सम्बन्धी कारोबार नेपालमा पूर्णरुपमा गैरकानूनी रहेको व्यहोरा जानकारी गराउँदै कसैले पनि सो सम्बन्धी कारोबार नगर्न नगराउनुहुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### मिति २०७८/०५/२४ मा प्रकाशित सूचना:

**नेपाल राष्ट्र बैंक**

**केन्द्रीय कार्यालय**

**विदेशी विनिमय व्यवस्थापन विभागको**

**Cryptocurrency कारोबार गैरकानूनी रहेको सम्बन्धी सूचना**

नेपालमा कुनै पनि प्रकारका Cryptocurrency हरुको कारोबार/प्रयोग/Mining गैरकानूनी रहेकोले यस्ता प्रकारका Cryptocurrency हरुको कारोबार/प्रयोग/Mining सम्बन्धी कार्य नगर्नु/नगराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

हालका दिनहरुमा Cryptocurrency हरुको कारोबार/प्रयोग/Mining जस्ता कार्यमा संलग्न हुन प्रोत्साहन गर्ने/गराउने समेत गरेको पाइएको र त्यस्तो कार्यबाट सर्वसाधारणहरु ठगिएको/ठगिन सक्ने देखिएको हुँदा कसैले त्यस्तो कार्य गरे/गराएको पाइएमा प्रचलित कानूनबमोजिम सजाय हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

## मिति २०७८/१०/०९ मा प्रकाशित सूचनाः

**नेपाल राष्ट्र बैंक**

**विदेशी विनिमय व्यवस्थापन विभागको**

**Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैरकानूनी रहेको सम्बन्धी सूचना**

हालका दिनहरुमा छोटो अवधिमा उच्च प्रतिफल दिने प्रलोभन देखाई Virtual Currency/ Cryptocurrency हरुको कारोबार/प्रयोग गर्न तथा त्यस्ता Virtual Currency/Cryptocurrency हरुसँग सम्बन्धित Hyper Fund जस्ता कोषमा लगानी गर्न र Jocial, Crowd 1, Solemax Global जस्ता पिरामिडमा आधारित Network Marketing मा आवद्ध हुन प्रोत्साहन गर्ने/गराउने गरेको जानकारी प्राप्त हुन आएकोले सो सम्बन्धमा यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ। नेपालमा विदेशी विनिमय वा मुद्राको रुपमा Virtual Currency/Cryptocurrency ले कानूनी मान्यता नपाएको सन्दर्भमा उपर्युक्त बमोजिमका गैरकानूनी वित्तीय औजारमा आवद्ध भई कारोबार गर्दा सर्वसाधारण ठगिने, अवैधानिक तरिकाले रकम बाहिरिई स्वदेशी पुँजी पलायन हुने भएकाले त्यस्ता कारोबार तथा व्यवसायमा संलग्न भई नेपालभित्र बसोबास गर्ने नेपाली तथा विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिकहरु समेतले त्यस्तो कार्य गरे/गराएको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

## मिति २०७९/०४/३० मा प्रकाशित सूचना :

**नेपाल राष्ट्र बैंक**

**विदेशी विनिमय व्यवस्थापन विभाग**

**Virtual Currency/Cryptocurrency, Network Marketing तथा Hyper Fund कारोबार गैरकानूनी रहेको सम्बन्धी सूचना**

यस बैंकले Bitcoin कारोबार, Cryptocurrency कारोबार र Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैरकानूनी रहेको बारे क्रमशः मिति २०७४/०४/२९, २०७८/०५/२४ र २०७८/१०/०९ मा सार्वजनिक सूचनाहरु प्रकाशन गरेको पुनः अवगत गराइएको छ।

नेपालमा विदेशी विनिमय वा मुद्राको रुपमा Virtual Currency/Cryptocurrency (Stablecoins समेत) ले कानूनी मान्यता नपाएको, नेपालमा कानूनी ग्राह्य (Legal Tender) नभएको, नेपाल सरकारको जमानत प्राप्त नभएको र यस बैंकले निष्कासन नगरेको तथा कुनै पनि किसिमको सुरक्षण नभएको हुँदा Virtual Currency/Cryptocurrency (Stablecoins समेत) को कारोबार गैरकानूनी रहेको छ। Virtual Currency/Cryptocurrency (Stablecoins समेत), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund मा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा लगानी, ठगी तथा कर छली, लगानीको असुरक्षा, पुँजी पलायन, मूल्यमा अस्थिरता एवम् उतार-चढाव, सट्टेबाजी आदि सम्बन्धी जोखिमहरु अन्तरनिहित हुने विषय समेत स्मरण गराइएको छ।

अतः नेपालभित्र बसोबास गर्ने नेपाली नागरिक/फर्म/कम्पनी/संस्था (विदेशी समेत) र नेपाल बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल बाहिर रहेका, फर्म, कम्पनी, संस्था तथा त्यस्ता कम्पनी वा संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरुले कुनै पनि प्रकारका Virtual Currency/Cryptocurrency (Stablecoins समेत), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund कारोबार गरे/गराएको पाइएमा तथा सोको प्रयोग/ संलग्नता/ सदस्यता/ लगानी/ स्वामित्व ग्रहण/ स्थानान्तरण/ विप्रेषण/ विनिमय/ Mining सम्बन्धी कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि विदेशी विनिमय(नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ।

## अनुसूची-२: क्रिप्टोकरेन्सीको कारोबार गैर कानूनी रहेको सम्बन्धी नेपाल राष्ट्र बैंकको सूचना

**नेपाल राष्ट्र बैंक**

**विदेशी विनिमय व्यवस्थापन विभाग**

**Cryptocurrency/ Virtual Currency, Non-Fungible Token, Digital Asset, Decentralized Finance, Network Marketing तथा Hyper Fund कारोबार गैरकानूनी रहेको सम्बन्धी सूचना**

यस बैंकले Bitcoin कारोबार, Cryptocurrency कारोबार र Virtual Currency/Cryptocurrency, Network Marketing तथा Hyper Fund अन्तर्गतको कारोबार/व्यवसाय गैरकानूनी रहेको बारे क्रमश: मिति २०७४/०४/२९, २०७८/०५/२४, २०७८/१०/०९ र २०७९/०४/३० मा सार्वजनिक सूचनाहरु प्रकाशन गरेको पुन: अवगत गराइएको छ ।

नेपालमा विदेशी विनिमय वा मुद्राको रुपमा Virtual Currency/Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi) ले कानूनी मान्यता नपाएको, नेपालमा कानूनी ग्राह्य (Legal Tender) नभएको, नेपाल सरकारको जमानत प्राप्त नभएको, यस बैंकले निष्कासन समेत नगरेको तथा कुनै पनि किसिमको सुरक्षण नभएको र यस्तो कारोबारबाट विदेशमा लगानी हुने देखिएकोले Virtual Currency/Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi) को कारोबार विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ बमोजिम गैरकानूनी रहेको छ । साथै, Virtual Currency/Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund मा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा लगानी, ठगी, कर छली, लगानीको असुरक्षा, पुँजी पलायन, मूल्यमा अस्थिरता एवम् उतार-चढाव, सट्टेबाजी आदि सम्बन्धी जोखिमहरु अन्तरनिहित हुने विषय समेत स्मरण गराइएको छ ।

अत: नेपालभित्र बसोबास गर्ने नेपाली नागरिक/फर्म/कम्पनी/संस्था (विदेशी समेत) र नेपाल बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल बाहिर रहेका, फर्म, कम्पनी, संस्था तथा त्यस्ता कम्पनी वा संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरुले विदेशमा लगानी हुने गरी कुनै पनि प्रकारका Virtual Currency/ Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund कारोबार गरे/गराएको पाइएमा तथा सोको प्रयोग/ संलग्नता/ सदस्यता/ लगानी/ स्वामित्व ग्रहण/ स्थानान्तरण/ विप्रेषण/ विनिमय/ Mining सम्बन्धी कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

## अनुसूची-३ : क्रिप्टोकरेन्सीसम्बन्धी Frequently Asked Questions

### १. क्रिप्टोकरेन्सी भनेको के हो ?

क्रिप्टोकरेन्सी भनेको निजी क्षेत्रबाट जारी गरिएको मुद्राको रुपमा समेत कारोबार गर्न सकिने डिजिटल वस्तु हो ।

### २. क्रिप्टोकरेन्सी कुन प्रविधिमा आधारित छ ?

वित्तीय मध्यस्थकर्ता (मुद्रा निष्कासन गर्ने केन्द्रीय बैंक वा मौद्रिक अधिकारी) बिनै भुक्तानी सम्बन्धी कार्य गर्न सक्ने गरी क्रिप्टोकरेन्सीको जारी हुने गर्दछ । उक्त कार्य गर्न क्रिप्टोकरेन्सीको प्राप्ति तथा खर्चको हिसाब-किताब नेटवर्कमा आवद्ध सम्पूर्ण प्रयोगकर्ताहरुले राख्नु पर्ने हुन्छ (जुन विद्यमान व्यवस्थामा केन्द्रीय बैंक वा बैंक तथा वित्तीय संस्थाले राख्ने गर्दछ) । नेटवर्कमा आवद्ध सम्पूर्ण प्रयोगकर्ताहरुले हिसाब-किताब राख्ने कार्यमा Blockchain वा Distributed Ledger प्रविधिको प्रयोग गरिएको हुन्छ ।

Blockchain वा Distributed Ledger प्रविधिमा कुनै पनि कारोबार भएमा उक्त कारोबारलाई नेटवर्कमा आवद्ध सम्पूर्ण कम्प्यूटरलाई जानकारी गराइन्छ । त्यस्तो नयाँ कारोबारहरुको समूह (जसलाई ब्लक समेत भनिन्छ) लाई कुनै तोकिएको सामूहिक सहमतिको माध्यममार्फत् यकिन गरिन्छ र त्यस्तो यकिन गरिएको ब्लकलाई सो पूर्वका अन्य ब्लकहरुसँग क्रमवद्ध गरिन्छ । प्रत्येक नयाँ ब्लकलाई अघिल्लो ब्लकसँग आवद्ध गरिने हुँदा आफूसँग नभएको रकम खर्च गर्न वा आफूसँग भएको कुनै रकम खर्च गरेपछि पुनः खर्च गर्न नसकिने गरी क्रिप्टोकरेन्सीलाई डिजाइन गरिएको पाइन्छ ।

### ३. क्रिप्टोकरेन्सी कसरी प्राप्त गर्न सकिन्छ ?

क्रिप्टोकरेन्सीलाई मुख्यतः Mining र खरिद गरी प्राप्त गर्न सकिन्छ ।

Mining भन्नाले कुनै क्रिप्टोकरेन्सीको नेटवर्कमा कारोबारहरुको हिसाब किताब राख्ने कार्यलाई जनाउँछ । तसर्थ, Mining लाई Validation समेत भनिन्छ । क्रिप्टोकरेन्सीका Users बीच क्रिप्टोकरेन्सी खरिद/बिक्री कारोबार हुँदा त्यस्तो कारोबार वास्तविक कारोबार हो भनी Validation गर्न Validators/Miners बीच प्रतिस्पर्धा हुने गर्दछ र सो कार्यमा सफलता प्राप्त गर्ने Validator/Miner लाई पारिश्रमिक स्वरुप क्रिप्टोकरेन्सी प्रदान गर्ने गरिन्छ ।

क्रिप्टोकरेन्सी प्राप्त गर्ने अर्को प्रमुख माध्यम भनेको अन्य पक्षसँग भएको क्रिप्टोकरेन्सीलाई खरिद गर्ने हो । त्यस्तो खरिद-बिक्री गर्ने कार्य क्रिप्टोकरेन्सी Exchange मार्फत् समेत हुने गर्दछ ।

### ४. क्रिप्टोकरेन्सीमा गरेको लगानी किन जोखिमपूर्ण हुन्छ ?

क्रिप्टोकरेन्सीलाई मुद्रा भन्ने गरिएतापनि यो कुनै सार्वभौम मुलुकले जमानत/सुरक्षण राखी जारी गरेको मुद्रा होइन । यसलाई निजी क्षेत्रका कुनै निश्चित व्यक्ति/समूहले जारी गर्ने हुँदा यसमा गरिएको लगानीको कुनै प्रत्याभूति हुँदैन । तसर्थ, यसमा गरिएको लगानी जोखिमपूर्ण हुन्छ ।

### ५. क्रिप्टोकरेन्सीमा लगानी गरेका लगानीकर्ताहरुले कसरी उच्च प्रतिफल प्राप्त गरेका छन् ?

क्रिप्टोकरेन्सी आफैंले कुनै निहित उपयोगिता प्रदान नगर्ने हुँदा यसको मूल्य र सोको लगानीबाट प्राप्त हुने प्रतिफल विशुद्ध रुपले बजारको माग र आपूर्तिको आधारमा मात्र निर्धारण हुन्छ । कतिपय कारोबारहरु जस्तैः जुवा, तास, चिट्ठा, बाजी आदिबाट समेत कहिले काहीँ प्रतिफल प्राप्त हुने गर्दछ, तर त्यस्तो कारोबार/लगानी सट्टेबाजी प्रकृतिको हुने हुँदा अत्यधिक जोखिम हुन्छ र लगानी रकमनै डुब्न सक्छ । यद्यपि, क्रिप्टोकरेन्सी कारोबारबाट आकर्षक प्रतिफल प्राप्त हुने भन्दै एकतर्फी मात्र अफवाह फैलाउने

व्यक्ति/समूह सक्रिय रहेको समेत हुन सक्छ। पछिल्लो समयमा FTX जस्तो क्रिप्टोकरेन्सीको दोस्रो ठूलो Exchange टाट-पल्टनु तथा TerraUSD र LUNA को पतनले समेत क्रिप्टोकरेन्सीको लगानी जोखिमपूर्ण हुने स्पष्ट रुपमा देखाउँछ।

## ६. नेपालमा क्रिप्टोकरेन्सी कारोबार प्रतिबन्धित गरिएको छ, तर विश्वका अन्य मुलुकहरुमा खुल्ला रहनुको कारण के हो ?

विभिन्न मुलुकहरुले आफ्नो देशका नागरिकले अन्य देशमा गर्ने लगानी, एक देशबाट अर्को देशमा हुने पुँजीको प्रवाह र मौद्रिक व्यवस्थाका सम्बन्धमा समेत फरक-फरक प्रबन्ध गरेको पाइन्छ। नेपालबाट विदेशमा लगानी गर्न प्रतिबन्धित रहेको छ। नेपालमा चालू खातालाई पूर्ण परिवर्त्यता प्रदान गरिएको भएतापनि पुँजीखातामा त्यस्तो व्यवस्था गरिएको छैन। विश्वभर प्रचलित एवम् सार्वभौम मुलुकले जारी गरेको मुद्रा (जस्तैः अमेरिकी डलर, जापानी येन, बेलायति पाउण्ड आदि) का सम्बन्धमा समेत नेपालमा नियमन/नियन्त्रण गरिएको व्यवस्था विद्यमान छ। नेपाली नागरिकले नेपालभित्र तोकिएको सीमासम्म मात्र नगद विदेशी मुद्रा राख्न सक्ने व्यवस्था रहेको छ। साथै, भा.रु. १०० दरभन्दा ठूला दरका नोटहरु नेपालमा प्रतिबन्धित रहेको हुँदा क्रिप्टोकरेन्सीसम्बन्धी नियन्त्रण/प्रतिबन्ध नेपालको विशिष्ट व्यवस्था अन्तर्गत रहेको छ।

संयुक्त राष्ट्र संघ अन्तर्गतको निकाय, UNCTAD ले क्रिप्टोकरेन्सी विकासशील राष्ट्रहरुलाई हानिकारक हुने र विकासोन्मुख मुलुकहरुमा क्रिप्टोकरेन्सीको विस्तार रोक्नु पर्ने धारणा राखेको छ। त्यस्तै, अन्तर्राष्ट्रिय मुद्रा कोषले El Salvador लाई क्रिप्टोकरेन्सीको कानूनी ग्राह्यता खारेज गर्न सुझाव दिएको छ।

चीन र भारतमा समेत क्रिप्टोकरेन्सीलाई अन्य विकसित मुलुकहरुजस्तो खुल्ला गरिएको छैन।

साथै, नेपालभित्र कारोबारका लागि नेपाली रुपैयाँ चलनचल्तीमा ल्याउनु पर्ने विद्यमान कानूनी व्यवस्था समेतले गर्दा निजी क्षेत्रबाट मुद्राको रुपमा कार्य गर्न सक्ने गरी कुनै वस्तु (दृश्य वा अदृश्य) जारी हुने परिकल्पना गरिएको छैन। प्रचलित नेपाल कानूनले उक्त कार्यलाई दण्डनीय मानेको छ।

## ७. Cryptography, Blockchain र Distributed Ledger जस्ता नवीनतम प्रविधिबाट नेपाल र नेपालीलाई बञ्चित गर्नु पर्नाको कारण के हो ?

Cryptography, Blockchain र Distributed Ledger जस्ता नवीनतम प्रविधिलाई विभिन्न प्रयोजनमा ल्याउन सकिन्छ। उक्त विभिन्न प्रयाजनहरुमध्ये क्रिप्टोकरेन्सी पनि एक हो। हाल नेपालमा Cryptography, Blockchain र Distributed Ledger प्रविधिलाई नै प्रतिबन्धित गरिएको नभई त्यस्तो प्रविधिको प्रयोग मुद्रा जस्तो कार्य गर्न सक्ने वस्तु (दृश्य वा अदृश्य) बनाउने प्रयोजनका लागि प्रतिबन्धित गरिएको हो। प्रचलित नेपाल कानूनबमोजिम मुद्रा बनाउने एकाधिकार नेपाल राष्ट्र बैंकलाई प्रदान भएको हुँदा नेपाल राष्ट्र बैंक बाहेक अन्य जो कोहीले र जुनसुकै प्रविधिबाट मुद्रा बनाउने कार्य प्रतिबन्धित रहेको छ। साथै, त्यस्तो मुद्रा बनाउने कार्य जाली/नक्कली मुद्रा बनाए सरह हुन जान्छ।

## ८. नेपालीहरुलाई आकर्षक लगानीको प्रतिफल दिने लगानीको उपकरणबाट किन बञ्चित गरिएको ?

क्रिप्टोकरेन्सीमा गरेको लगानी सट्टेबाजी प्रकृतिको लगानी भएको हुँदा सोबाट प्रतिफल प्राप्त हुन पनि सक्छ वा प्रतिफल प्राप्त नभई आफ्नो सम्पूर्ण लगानी रकम (मूलधन) नै डुब्न पनि सक्छ। विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ विद्यमान रहेको हुँदा क्रिप्टोकरेन्सीको हकमा मात्र नभई कुनै पनि प्रकारबाट विदेशमा लगानी गर्न जस्तैः विदेशमा घर-जग्गा खरिद गर्न, विदेशी धितोपत्र खरिद गर्न, विदेशी कम्पनीको स्वामित्व ग्रहण गर्न, विदेशी बैंकमा खाता खोल्न आदि समेत प्रतिबन्धित रहेका छन्।

## ९. क्रिप्टोकरेन्सीले भुक्तानी सम्बन्धी कार्यलाई सरल बनाउँछ कि बनाउँदैन ?

क्रिप्टोकरेन्सीले भुक्तानी सम्बन्धी कार्यलाई सरल नबनाई जटिल बनाउँछ। सार्वभौम मुलुकले एकरुपता भएका (स्तरीय) मुद्रा निष्कासन गर्नु पूर्व निजी क्षेत्रबाट एकरुपता नभएका विभिन्न वस्तु/धातु तथा कागजातले मुद्राको कार्य गर्दथ्यो। त्यस्ता निजी मुद्राहरु आम सर्वसाधारणमा स्वीकार्य नभएतापनि कुनै निश्चित वर्ग वा समुदायमा मात्र स्वीकार्य हुन्थ्यो र मुलतः वस्तु विनिमय व्यवस्थामा जस्तै Medium of Exchange को कार्य गर्न सरलता हुँदैनथ्यो। हाल विश्वमा करिब २३,००० प्रकारका क्रिप्टोकरेन्सीहरु प्रचलनमा रहेको हुँदा नेपाली रुपैयाँ जस्तो नेपालभित्र सर्व-स्वीकार्य मुद्राले गर्ने भुक्तानी तथा फछ्र्यौटको तुलनामा क्रिप्टोकरेन्सीबाट भुक्तानी सम्बन्धी कार्य जटिल हुन जान्छ।

साथै, मुद्रास्फीतिले केही हदसम्म असर गरेतापनि सार्वभौम मुलुकहरुले जारी गर्ने मुद्राले Store of Value को कार्य समेत गर्दछ। जस अन्तर्गत, आफूलाई वर्तमान समयमा कुनै वस्तु तथा सेवा खरिद गर्न आवश्यक नभएमा भविष्यमा वस्तु तथा सेवा खरिद गर्न सकिन्छ। तर, क्रिप्टोकरेन्सीको मूल्य विशुद्ध रुपमा बजारको माग र आपूर्तिमा मात्र निर्भर हुने तथा धेरै नै उतारचढावपूर्ण हुने हुँदा क्रिप्टोकरेन्सीको मूल्यमा भारी गिरावट आई भविष्यमा कुनै पनि वस्तु तथा सेवा खरिद गर्न नसक्ने समेत हुन सक्छ।

## १०. क्रिप्टोकरेन्सी र Central Bank Digital Currency मा के फरक छ ?

क्रिप्टोकरेन्सी र Central Bank Digital Currency (CBDC) मा मुख्यतः कसले त्यस्तो मुद्रा जारी गरेको हो भन्ने विषय नै फरक रहेको छ। क्रिप्टोकरेन्सी निजी क्षेत्रले जारी गरेको हुन्छ भने CBDC मुद्रा निष्कासन गर्न अधिकारप्राप्त निकायले जारी गरेको हुन्छ। क्रिप्टोकरेन्सीमा कुनै पनि जमानत/सुरक्षण/प्रत्याभूति हुँदैन भने CBDC मा मुद्रा निष्कासन गर्ने अधिकारीले नियमानुसार सुरक्षण राखेको हुन्छ र सार्वभौम मुलुकले जमानत/प्रत्याभूति समेत प्रदान गरेको हुन्छ।

## ११. क्रिप्टोकरेन्सीमा लगानी गरेका नेपाल बाहिर बस्ने नेपालीहरुलाई कसरी कारबाही हुन्छ ?

आफ्नो देशको कानूनको पालना गर्नु नै असल नागरिकको कर्तव्य हो। कतिपय कानूनी व्यवस्थाहरु पालना सरकारबाटै गराउने सम्बन्धमा देशका केही सीमा भने हुन सक्छन्। जस्तैः देशका सम्पूर्ण नागरिक आपराधिक क्रियाकलापमा संलग्न हुने हो भने सम्पूर्ण नागरिकलाई सजाय दिलाउने लगायत कारागारमा राख्ने विषय जुन सुकै देशलाई असम्भवप्राय हुन सक्दछ। यद्यपि, क्रिप्टोकरेन्सीको प्रतिबन्ध बर्खिलाप हुने कार्यमा सहभागी भई विदेशमा बस्ने नेपालीलाई समेत नेपाल पक्ष रहेका विभिन्न द्विपक्षीय तथा बुहपक्षीय अन्तर्राष्ट्रिय सन्धी सम्झौतामार्फत् उपयुक्त कानूनी दायरामा ल्याउन सकिन्छ।

## १२. नेपालमा जलविद्युतको उच्च सम्भावना रहेको तथा Mining गर्दा अत्यधिक ऊर्जा खपत हुने हुँदा सर्वसाधारण नेपालीलाई Mining सम्बन्धी कार्य गरी आय आर्जन गर्ने अवसरबाट बञ्चित गरिनुको कारण के हो?

Mining गर्ने कार्यमा प्रतिस्पर्धा हुने र सफल हुने Miner ले मात्र पारिश्रमिक स्वरुप क्रिप्टोकरेन्सी प्राप्त गर्दछ।

नेपालमा जलविद्युतको राम्रो सम्भावना भएतापनि Mining बाट प्रतिफल प्राप्त हुने तथा आय आर्जन हुने भन्ने विषयलाई विभिन्न तत्वहरुले असर गर्छ, जसमध्ये ऊर्जा पनि एक हो। Mining कार्यबाट प्रतिफल निर्धारण हुने तत्वहरुमा सो समयमा सहभागी रहेका तथा भविष्यमा सहभागी हुने Miner हरुको संख्या, Mining मा प्रयोग हुने कम्प्युटरको क्षमता (Hash Rate), सफल Mining हुँदा प्राप्त हुने Cryptocurrency को परिमाण (Block Reward - Halving), ऊर्जाको खपत, ऊर्जाको मूल्य, समूह अथवा Pool मार्फत्

Mining गरिएको हो भने त्यस्तो Pooling कार्यमा लाग्ने खर्च, सफल Mining गरी प्राप्त भएको Cryptocurrency को बजार मूल्य आदि पर्दछन् । कुनै वस्तु उत्पादन गर्दा विभिन्न लागत भए जस्तै ऊर्जा Mining कार्यको एउटा लागत पक्ष हो । वस्तु उत्पादन पश्चात् उद्यमीले बिक्री मूल्यबाट खर्च कटाएर नाफा बचाए जस्तै गरी Miner ले प्राप्त गर्ने पारिश्रमिकको मूल्य समेत विभिन्न तत्वहरुमा निर्भर रहन्छ । नेपालमा श्रम, ऊर्जा लगायत केही औद्योगिक कच्चा पदार्थहरुको उपलब्धता तथा मूल्यमा तुलनात्मक लाभ भएतापनि नेपाल विश्व उत्पादनको केन्द्र बन्न नसक्नुमा सो बाहेक अन्य विभिन्न तत्वहरुले समेत असर गरे जस्तै नेपालमा जलविद्युत सम्भावनाको एकल आधारमा मात्र सर्वसाधारण नेपालीहरु Cryptocurrency को Mining कार्यमा सहभागी भई आय आर्जन हुन्छ नै भन्ने सुनिश्चितता हुँदैन ।

साथै, नेपालमा कुनै वस्तु उपभोग तथा प्रयोग गर्न प्रतिबन्ध गरेर त्यस्तो वस्तु नेपालमा उत्पादन गरी विश्व बजारमा आपूर्ति गर्ने कार्य समेत विद्यमान विश्व व्यापार सम्बन्धी मर्म तथा नैतिकताको सवालमा समेत मनासिब हुने देखिंदैन ।

## १३. वि.सं. २०१९ र २०२१ मा बनेका ऐनहरुले Cryptocurrency जस्तो नयाँ प्रविधिमा आधारित सिर्जनालाई कसरी सम्बोधन गर्न सक्छ र उक्त ऐनहरु अन्तर्गतको प्रतिबन्ध कत्तिको समय सान्दर्भिक हुन्छ ?

Cryptocurrency हरुमध्ये सर्वप्रथम Bitcoin सन् २००९ देखि प्रचलनमा आएको देखिन्छ । विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ हालसम्म १० पटक संशोधन भएको छ, जसमध्ये पछिल्लो पटक वि.सं. २०७५/११/१९ (सन् २०१९) मा संशोधन भएको छ । त्यस्तै, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ हालसम्म २ पटक संशोधन भएको छ, जसमध्ये पछिल्लो पटक वि.सं. २०७४ वैशाख मसान्त (सन् २०१७) मा संशोधन भएको छ । कतिपय अवस्थामा ऐनमा संशोधन गरिरहन सम्भव नहुने हुँदा तत्तत ऐनहरु अन्तर्गतका नियम, विनियम, निर्देशन, परिपत्र तथा सूचना बमोजिम उपयुक्त व्यवस्था गर्ने गरी प्रबन्ध गरिएको हुन्छ । सोही बमोजिम नेपालमा वि.सं. २०७४/०४/२९ देखि Cryptocurrency का सम्बन्धमा प्रतिबन्धात्मक व्यवस्था गरिएको हो ।

***